# नाम्खा गाउँपालिका

# स्थानीय– राजपत्र

नाम्खा गाउँपालिकाद्धारा प्रकाशित

खण्ड : १ संख्या : १२ मिति : २०७८।३।१९

प्रकाशित मिति : २०७८।३।१९

नाम्खा गाउँपालिकामा कार्यरत कर्मचारीहरुको व्यवस्थापन गर्न बनेको ऐन, २०७८

नाम्खा गाउँपालिका

याल्वाङ, हुम्ला

कर्णाली प्रदेश, नेपाल

# कार्यरत कर्मचारीहरुको
# समायोजन सम्बन्धमा व्यवस्थापन गर्न बनेको
# ऐन, २०७८

प्रमाणीकरण मितिः २०७८।०३।१९

निजामति तथा अन्य सेवाबाट कर्मचारीहरुको सामायोजन भई नाम्खा गाउँपालिकामा कामकाज गर्न खटाइए पश्चात गाउँपालिकाको स्थायी सेवामा प्रवेश गरी हाल सम्म कार्यरत रहेका कर्मचारीहरुको समायोजन नभएका कारण कर्मचारीहरुलाई समायोजन ऐन २०७५ को दफा ६ को उपदफा (४) समेतलाई आधार मानी नाम्खा गाउँपालिका तथा अन्य स्थानीय निकायबाट समायोजन भई यस गाउँपालिकामा पदस्थापना भएका कर्मचारीहरुको समायोजन र सोही बमोजिम वृद्धि विकास गर्ने सम्बन्धमा कानुनी व्यवस्था गर्न बाञ्छनीय भएकोले, यस गाउँ सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम गाउँपालिका कर्मचारी समायोजन ऐन २०७८ रहेको छ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) ऐन भन्नाले कर्मचारी समायोजन ऐन, २०७५ लाई सम्झनु पर्छ।

(ख) कर्मचारी भन्नाले तत्कालिन निजामति सेवा, स्थानीय निकायको रुपमा रहेको गाविसमा स्वीकृत दरबन्दीमा सेवा प्रवेश गरी कार्यरत स्थायी वा साविकको जिल्ला विकास समितिको कार्यालयमा स्वीकृत दरबन्दीमा सेवा प्रवेश गरी हाल यस नाम्खा गाउँपालिकामा समायोजन भई आएका स्थायी कर्मचारीहरु पदस्थापना भएको यो ऐन जारी हुँदाका बखत स्थायी सेवामा कार्यरत कर्मचारीहरुलाई सम्झनु पर्छ।

(ग) **"कार्यपालिका"** भन्नाले नाम्खा गाउँपालिकाको गाउँपालिकालाई सम्झनु पर्छ।

(घ) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले यस ऐन र गाउँपालिकाले समय समयमा निर्यण गरी तोकिएको वा तोकिएका कुरालाई सम्झनु पर्छ।

(ङ) **"गाउँ सभा"** भन्नाले नाम्खा गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्छ।

(च) **"प्रमुख प्रशासकिय अधिकृत"** भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ बमोजिम नियुक्त गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्छ।

(छ) **"स्थानीय सेवा"** भन्नाले गाउँपालिकामा रहेका कर्मचारीको सेवा समूहलाई सम्झनु पर्छ।

(ज) **"गाउँपालिका"** भन्नाले नाम्खा गाउँपालिकालाई सम्झनु पर्छ।

(झ) **"स्थानीय कानुन"** भन्नाले नाम्खा गाउँपालिकाबाट जारी भएका कानुनलाई सम्झनु पर्छ।

**२. स्थानीय सेवाका कर्मचारी समायोजन वा बढुवा गर्ने** : (१) साविकको स्थानीय निकाय (गाविस र जिविस) मा स्थायी रुपमा सेवा प्रवेश गरेका समायोजन ऐन २०७५ अनुसार समायोजन भई आएका साविकको स्थानीय निकायको स्थायी रुपमा सेवा प्रवेश गरी स्थायी नियुक्ती भई गाउँपालिकामा सरुवा, समायोजन, पदस्थापना भएका र यो ऐन जारी हुँदाका बखत गाउँपालिकामा कार्यरत स्थानीय सेवाका कर्मचारीहरुको बढुवा गरिनेछ। देहाय बमोजिमका आधारमा अधिकृत तथा अन्य कर्मचारीहरुको समायोजन वा बढुवा गरिएको मानिनेछ।

| सि.नं | हालको पद | सेवा | समहू | तह | समायोजन वा बढुवा हुने पद | सेवा समूह | समूह | तह |
|---|---|---|---|---|---|---|---|---|
| १ | खरिदार | प्रशासन | सा.प्र. | चौथो | ना.सु. | प्रशासन | सा.प्र. | सहायकस्तर पाँचौ |
| | अ.स.इन्जिनियर | इन्जिनिरिङ | सि.भि. | चौथौ | सवइन्जिनियर | इन्जिनिरिङ | सि.भि. | सहायकस्तर पाँचौ |
| २ | ना.सु. | प्रशासन | सा.प्र. | पाँचौ | अधिकृत | प्रशासन | सा.प्र. | अधिकृतस्तर छैटौं |
| ३ | कम्प्यूटर अप्रेटर | विविध | सा.प्र. | पाँचौ | अधिकृत | प्रशासन | सा.प्र. | अधिकृतस्तर छैटौं |
| ४ | लेखापाल | लेखा | सा.प्र. | पाँचौ | अधिकृत | लेखा | सा.प्रं | अधिकृतस्तर छैटौं |
| ५ | अधिकृत | प्रशासन | सा.प्र. | छैटौं | अधिकृत | प्रशासन | सा.प्र. | अधिकृतस्तर सातौं |
| ६ | लेखा अधिकृत | लेखा | सा.प्र. | छैटौ | अधिकृत | लेखा | सा.प्रं | अधिकृतस्तर सातौं |
| ७ | इन्जिनियर | इन्जिनिरिङ | सि.भि. | छैटौं | अधिकृत | इन्जिनिरिङ | सि.भि. | अधिकृतस्तर सातौं |

**३. स्थानीय सेवाका कर्मचारी समायोजन गर्ने :** (१) साविकको स्थानीय निकाय (गाविस र जिविस) मा स्थायी रुपमा सेवा प्रवेश गरेका समायोज़न ऐन २०७५ अनुसार समायोजन भई आएका कर्मचारीहरुलाई समायोजन गरिनेछ ।

(२) बमोजिम स्थानीय सेवाका कर्मचारीहरुको समायोजन देहाय बमोजिम हुनेछ ।

| सि.नं. | साविकको तह | समायोजन पश्चात कायम हुने तह | पद नाम | कैफियत |
|---|---|---|---|---|
| १ | सहायक स्तर द्धितिय | सहायकस्तर तृतिय | कनिष्ठ सहायक | |
| २. | सहायकस्तर तृतिय | सहायकस्तर चौथो | सहायक | |
| ३. | सहायक स्तर चौथो | सहायक स्तर पाँचौ | बरिष्ठ सहायक | |
| ४. | सहायकस्तर पाँचौ | अधिकृतस्तर छैठौ | अधिकृत | |
| ५. | अधिकृत छैठौ | अधिकृतस्तर सातौ | बरिष्ठ अधिकृत | |

(३) दफा २ को उपदफा १ बमोजिम बढुवा भएका पदहरु दफा ३ को उपदफा (२) बमोजिमको पदनाममा उल्लेख भएबमोजिम सेवा वा समूहलाई पदनाम कायम हुनेछ ।

(३) अधिकृत स्तर छैठौबाट सातौ तहमा समायोजना वा बढुवा हुनका लागि न्यूनतम् सेवा अवधि ५ बर्ष, ५ बर्षको कार्यसम्पादन मूल्यांकन र शैक्षिक योगता स्नातक वा सो सरह यदि सो नभएमा दुई ग्रेड थप हुनेछ ।

(४) जुनसुकै सेवा र समूहको सहायकस्तर पाँचौबाट अधिकृत स्तर छैठौ तहमा समायोजन हुन वा छैठौ तहमा बढुवाको लागि कम्तीमा ७ बर्ष सेवा अवधि पुगेको, ५ बर्षको कार्यसम्पादन मूल्यांकन स्नातक वा सो सरह शैक्षिक योग्यता हासिल गरेको हुनुपर्नेछ । त्यस्तो न्यूनतम शैक्षिक योग्यता नभएकाको हकमा खाइपाई आएको ग्रेडमा दुई ग्रेड थप गरिनेछ ।

(५) जुनसुकै सेवा र समूहको सहायकस्तर चौथोबाट पाँचौमा एक तहमा समायोजन वा बढुवा हुनका लागि कम्तीमा ३ बर्षको कार्यसम्पादन मूल्यांकन, कम्तीमा ५ बर्षको सेवा अवधि पुगेको र शैक्षिक योग्यता एस.एल.सी पास भएको हुनुपर्नेछ । वा सो सरह नभएमा कार्यरत पदमा समायोजन गरी खाईपाई आएको ग्रेडमा दुई ग्रेड थप गरिनेछ ।

(६) यस दफा बमोजिम स्थानीय सेवाका कर्मचारी समायोजन गर्दा कायम हुने तलब निजले साविकमा खाईपाई आएको तलब भन्दा कम हुने भएमा ग्रेड थप गरी तलब मिलान गरिनेछ ।

(७) उपदफा (१) बमोजिम समायोजन स्वीकार गर्ने कर्मचारीहरुले समायोजनबाट कायम हुने तहका निम्ती तोकिएको तलबमान र सुविधाहरु प्राप्त गर्नेछन् । गणना हुने जेष्ठताको आधारमा समायोजन हुनुपूर्वको तलब तथा भत्ताहरु दावी गर्न पाईने छैन ।

(८) अधिकृत कर्मचारी भन्नाले निजामती सेवा, स्वास्थ्ये सेवा र साविक स्थानीय निकायमा छैटौ तहदेखि नवौ तह सम्मका कर्मचारी र सहायकस्तर कर्मचारी भन्नाले निजामती सेवा, स्वास्थ्य सेवा र साविक स्थानीय निकायका श्रेणीविहिन देखि पाँचौ तहसम्मका कर्मचारी सम्झनुपर्दछ ।

४. **बढुवाको पत्र दिने :** (१) यस ऐन बमोजिम समायोजन र बढुवा भएपश्चात स्थानीय सेवाका कर्मचारीहरुलाई प्रमुख प्रशासकिय अधिकृतले समायोजन वा बढुवा भएको पत्र दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिईने पत्र अनुसूची १ बमोजिमको हुनेछ ।

५. **पदस्थापना गरिने :** यस ऐन बमोजिम समायोजन भएपश्चात गाउँपालिकाले स्वीकृत गरेको संगठन संरचना र दरवन्दी पुनरालोकनले निर्धारण गरे वमोजिम मिल्दो सेवा र समूहको पदमा प्रमुख प्रशासकिय अधिकृतबाट पदस्थापन गरिने छ ।

६. **समायोजन भई एक तह बढुवा भएका कर्मचारीहरुको सेवा सुविधा :** यस ऐन बमोजिम समायोजन भएका स्थानीय सेवाका कर्मचारीहरुको तलब तथा अन्य सुविधा नेपाल सरकारको कानुनले तोके बमोजिम हुनेछ ।

७. **पुल दरबन्दी सम्बन्धी व्यवस्था :** दफा ३ बमोजिम समायोजन भएका स्थानीय सेवाका कर्मचारीहरुलाई समायोजन पश्चात पदस्थापन गर्नु अघि स्वतः पुल दरवन्दीमा कायम भएको मानिने छ । यसरी समायोजन भई पुल दरवन्दीमा कायम भएका कर्मचारीलाई पदस्थापन गर्नुपूर्व यथास्थानमा कामकाज गर्न वाधा पुगेको मानिने छैन ।

८. **जेष्ठता गणना :** (१) यस ऐन बमोजिम समायोजन हुने कर्मचारीहरुको जेष्ठता समायोजन हुनु पूर्वको तहमा काम गरेको अवधिलाई समायोजन भई कायम हुने पदका लागि गणना गरिनेछ ।

(२) उपदफा (१) बमोजिम जेष्ठता गणना भएतापनि समायोजन पश्चातको पद बमोजिमको सेवा सुविधा भने यो ऐन जारी भएपश्चात मात्र लागु हुने छ ।

(३) यस ऐन बमोजिम नियुक्त वा बढुवा हुने सबै भन्दा माथिल्लो तह अधिकृतस्तर नवौ तहसम्म मात्र हुनेछ ।

९. **आवश्यक व्यवस्था मिलाउने :** यो ऐन कार्यान्वयन गर्ने क्रममा कुनै कठिनाई उत्पन्न भएमा कार्यपाकिले यो ऐनको प्रतिकुल नहुने गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

अनुसूची १

दफा ४ को उपदफा (२) संग सम्बन्धित

पत्र संख्या

चलानी नं.

मिति : ..................................

श्री ..............................

............................................।

विषय : बढुवा गरिएको सम्बन्धमा ।

नाम्खा गाउँपालिकाका कर्मचारीहरुको व्यवस्थापन गर्न बनेको ऐन २०७८ बमोजिम आजैका मिति देखि लागु हुने गरी तपाईलाई देहाय बमोजिमको पद तथा तहको दरबन्दीमा रहने गरी बढुवा गरीएको छ ।

बढुवा हुनु भएकोमा बधाई छ ।

तपसिल

| हाल कार्यरत पदको विवरण | समायोजन वा बढुवा गरिएको विवरण |
|---|---|
| पद : | पद : |
| तह : | तह : |
| सेवा : | सेवा : |
| समूह : | समूह : |
| नियुक्ति मिति : | उप समूह : |

आज्ञाले

(धर्मराज न्यौपाने)

प्रमुख प्रशासकिय अधिकृत

**बोधार्थ**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कर्णाली प्रदेश, सुर्खेत ।

श्री कर्मचारी संचयकोष, ठमेल ।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर काठमाण्डौं ।

श्री आर्थिक प्रशासन शाखा, नाम्खा गाउँपालिका, हुम्ला ।